प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

# प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

(सूचना प्रकाशित मिति २०८०/०५/१३ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाको समन्वयमा शैक्षिक शत्र २०८०/०८१ मा निःशुल्क सञ्चालन गरिने प्रि–डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम (**Apprenticeship**) कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधीनमा रही प्रवेश परीक्षा लिई भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम संचालन अनुमति प्राप्त देहायका शिक्षण संस्थाहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**१. आवश्यक शैक्षिक योग्यताः**

क. अक्षराङ्कन पद्दति लागू हुनुपुर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण ।

ख. अक्षराङ्कन पद्धति लागू भए पश्चात एस.इ.इ परीक्षामा न्यूनतम ई ग्रेड प्राप्त ।

**२. परीक्षार्थी छनोटको आधारः**

योग्य र इच्छुक आवेदकहरू मध्येबाट आवेदन फाराम मूल्याङ्कन (२० पूर्णाङ्क), उद्योग/व्यवसायको सिफारिसपत्र (२० पूर्णाङ्क), लिखित प्रवेश परीक्षा (३० पूर्णाङ्क) र अन्तर्वार्ता (३० पूर्णाङ्क) बापत प्राप्ताङ्कको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यताक्रमानुसार छनौट हुनेछ । साथै यस सम्वन्धी विस्तृत विवरण "प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०७९(संशोधन सहित)" मा उल्लेख गरिएको छ । सो निर्देशिका https://www.ctevtexam.org.np वा https://www.enssure.org.np वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

**३. औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्था, कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरणः**

क) प्रदेश सरकारहरु (सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार, बिराटनगर, मोरङ्ग, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा, मकवानपुर, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, देउखुरी, दाङ) मार्फत संचालन हुने कार्यक्रमः

| कोशी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरूः | | | | |
|---|---|---|---|---|
| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
| १ | मनमोहन स्मृति पोलिटेक्निक ईन्ष्टिच्यूट, बुढीगंगा गा.पा., मोरङ्ग | Pre-diploma in Mechanical Engineering | २० | साझेदार |
| | | Pre-diploma in Automobile Engineering | २० | |
| | | Pre-diploma in Electrical Engineering | २० | |
| | | Pre-diploma in Information Technology | २० | |
| २ | कन्काई पोलिटेक्निक ईन्ष्टिच्यूट, कन्काई न.पा., झापा | Pre-diploma in Information Technology | ३० | साझेदार |
| | | Pre-diploma in Civil Engineering (Building Construction) | ३० | |
| ३ | शैलजा आचार्य मेमोरियल पोलिटेक्निक, जहदा गा.पा., मोरङ्ग | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० | साझेदार |
| | | Pre-diploma in Information Technology | ३० | |
| ४ | महानगर पोलिटेक्निक ईन्ष्टिच्यूट, विराटनगर म.न.पा., मोरङ्ग | Pre-diploma in Electrical Engineering | ३० | साझेदार |
| | | Pre-diploma in Civil Engineering (Building Construction) | ३० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | शहिद स्मृति प्रतिष्ठान पोलिटेक्निक, विर्तामोड न.पा., झापा | Pre-diploma in Civil Engineering (Building Construction) | ३० | साझेदार |
| ६ | गणेशमानसिंह प्रतिष्ठान पोलिटेक्निक, शिवसताक्षी न.पा., झापा | Pre-diploma in Civil Engineering (Building Construction) | २० | साझेदार |
| ७ | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक, झापा | Pre-diploma in Information Technology | ३० | साझेदार |
| | | Pre-diploma in Civil Engineering (Building Construction) | ३० | |
| ८ | नर बहादुर कर्माचार्य बहुप्राविधिक शिक्षालय, इटहरी उ.म.न.पा., सुनसरी | Pre-diploma in Hotel Management | ४० | साझेदार |
| ९ | आदर्श माध्यामिक विद्यालय, विराटनगर म.न.पा., मोरङ्ग | Pre-diploma in Information Technology | ३० | TECS |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० | |
| १० | मोहनमाया माध्यामिक विद्यालय, विर्तामोड न.पा., झापा | Pre-diploma in Civil Engineering (Building Construction) | ३० | TECS |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० | |
| ११ | श्री दुर्गा माध्यामिक विद्यालय, उर्लाबारी न.पा., मोरङ्ग | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| १२ | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, साखेजुंग न.पा., इलाम | Pre-diploma in Tea Technology | ४० | आंगिक |
| १३ | नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, दमक न.पा., झापा | Pre-diploma in Hotel Management | ३० | साझेदार |

**बागमती प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू:**

| क.स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | श्री बछौली माध्यमिक विद्यालय, रत्ननगर न.पा., चितवन | Pre-diploma in Hotel Management | ४० | TECS |
| २ | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर म.न.पा., चितवन | Pre-diploma in Automobile Engineering | २० | आंगिक |
| | | Pre-diploma in Civil Engineering (Building Construction) | २० | |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ४० | |
| ३ | नारायणी नमुना माध्यमिक बिद्यालय, म.न.पा., चितवन | Pre-diploma in Information Technology | २० | TECS |
| ४ | श्री निर्मल माध्यमिक बिद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | Pre-diploma in Electrical Engineering | ४० | TECS |
| ५ | नेपाल भारत मैत्री बहुप्राविधिक शिक्षालय, हेटौडा उ.म.न.पा., मकवानपुर | Pre-diploma in Mechanical Engineering | ४० | आंगिक |
| ६ | पनौती प्राबिधिक शिक्षालय, पनौती न.पा., काभ्रेपलान्चोक | Pre-diploma in Automobile Engineering | २० | आंगिक |
| ७ | भरतपुर बहुप्राविधिक शिक्षालय, भरतपुर म.न.पा., चितवन | Pre-diploma in Hotel Management | ४० | आंगिक |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० | |
| ८ | मदन आश्रित स्मृति बहु प्राबिधिक शिक्षालय, कागेश्वोरी-मनोहरा न.पा., काठमाडौं | Pre-diploma in Hotel Management | ४० | साझेदार |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० | |
| ९ | बुढानिलकण्ठ माध्यमिक विद्यालय, बुढानिलकण्ठ न.पा., काठमाडौं | Pre-diploma in Information Technology | २० | TECS |

| | | | | |
|---|---|---|---|---|
| १० | बाशु माध्यमिक विद्यालय, भक्तपुर न.पा., भक्तपुर | Pre-diploma in Information Technology | २० | TECS |
| ११ | बागेश्वोरी माध्यमिक विद्यालय, भक्तपुर न.पा., भक्तपुर | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| १२ | श्री भुटनदेवी माध्यमिक बिद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| १३ | श्री जनजागृति माध्यमिक बिद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | Pre-diploma in Automobile Engineering | २० | TECS |

## लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू:

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज उ.म.न.पा., बाँके | Pre-diploma in Electrical Engineering | २० | आंगिक |
| | | Pre-diploma in Mechanical Engineering | २० | |
| २ | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर उ.म.न.पा., दाङ्ग | Pre-diploma in Information Technology | २० | TECS |
| | | Pre-diploma in Electrical Engineering | २० | |
| ३ | सरस्वती माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Information Technology | २० | TECS |
| | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० | |
| ४ | श्री माध्यमिक विद्यालय, रझेना, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Civil Engineering (Building Construction) | २५ | TECS |
| ५ | रासी प्राविधिक शिक्षालय, गढ़ावा, दाङ्ग | Pre-diploma in Civil Engineering (Building Construction) | २० | आंगिक |
| ६ | पब्लिक माध्यमिक विद्यालय, सियारी गा.पा., रूपन्देही | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० | TECS |
| ७ | श्री शान्ति नमुना माध्यमिक विद्यायल, तिलोत्तमा न.पा., रुपन्देही | Pre-diploma in Mechanical Engineering | २५ | TECS |
| | | Pre-diploma in Hotel Management | ४० | |
| ८ | कोरिया नेपाल बहु-प्राविधिक शिक्षालय, बुटवल न.पा., रुपन्देही | Pre-diploma in Electrical Engineering | २० | आंगिक |
| | | Pre-diploma in Mechanical Engineering | २५ | |
| ९ | महाकवि देवकोटा माध्यमिक विद्यालय, सुनवल न.पा., नवलपरासी | Pre-diploma in Automobile Engineering | २५ | TECS |
| १० | नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय, मधुवन न.पा., बर्दिया | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| | | Pre-diploma in Electrical Engineering | २० | |
| ११ | श्री शिद्धरत्ननाथ माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० | TECS |
| १२ | जनता माध्यमिक विद्यालय, तिलोत्तमा न.पा, रूपन्देही | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| १३ | श्री पूर्ण हिरा माध्यमिक विद्यालय, बाँसगढी न.पा., बर्दिया | Pre-diploma in Automobile Engineering | २० | TECS |
| १४ | दुधधारी नमुना माध्यमिक विद्यालय, विजयनगर न.पा., कपिलवस्तु | Pre-diploma in Civil Engineering (Building Construction) | २० | TECS |
| १५ | तुलसीपुर बहुप्राविधिक शिक्षालय, तुलसीपुर उ.म.न.पा., दाङ्ग | Pre-diploma in Mechanical Engineering | २० | साझेदार |

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, तालिम विकास महाशाखा मार्फत संचालन हुने नेपाल सरकार तर्फको औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रमः

**कोशी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू**

| क.सं. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | श्री जनप्रिय माध्यमिक विद्यालय, बुढीगंगा गाउँपालिक, मोरङ् | Pre-diploma in Information Technology | ४० | TECS |
| २ | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक न. पा., झापा | Pre-diploma in Civil Engineering) Building Construction | २० | साझेदार |
| | | Pre-diploma in Information Technology | २० | |

**मधेश प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू**

| क. स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | श्री माध्यमिक विद्यालय, डुमरिया, रौतहट | Pre-diploma in Electrical Engineering | २० | TECS |
| २ | वि.पी. स्मृति बहुप्राविधिक शिक्षालय, सपही, धनुषा | Pre-diploma in Electrical Engineering | ४० | आंगिक |

**गण्डकी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू**

| क. स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | श्री शिव माध्यमिक विद्यालय , बुलिङ्टार नवलपरासी | Pre-diploma in Civil Engineering) Building Construction( | ४० | TECS |
| २ | गण्डकी बहुप्राविधिक शिक्षालय, भण्डारढिक, कास्की | Pre-diploma in Early Childhood Development Facilitation) ECDF) | ४० | साझेदार |

**लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षण संस्थाहरू**

| क. स. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | स्वीकृत कोटा | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर, दाङ्ग | Pre-diploma in Electrical Engineering | २० | TECS |
| | | Pre-diploma in Information Technology | २० | |
| २ | तुलसीपुर बहुप्राविधिक शिक्षालय, तुलसीपुर, दाङ्ग | Pre-diploma in Information Technology | ३० | साझेदार |

**४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूः**

(क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,

(ख) SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

**५. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः**

क. आवेदन फाराम वितरण गर्ने मितिः २०८० भदौ १३ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थानः सम्बन्धित शिक्षण संस्था वा परिषद्को वेबसाइट https:/www.ctevtexam.org.np वा https://www.enssure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भर्न पाइनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मितिः २०८० असोज २ गतेसम्म ।

घ. लिखित प्रवेश परीक्षा हुने मिति र समयः २०८० असोज ६ गते, शनिबार, बिहान ११:०० बजे

ङ. लिखित प्रवेश परीक्षा संचालन हुने स्थानः सम्बन्धित शिक्षण संस्थाहरू

च. अन्तरर्वार्ता हुने मिति र समयः २०८० असोज ६ गते, शनिबार, दिउँसो १:०० बजे देखि

छ. अन्तरर्वार्ता संचालन हुने केन्द्रहरूः सम्बन्धित शिक्षण संस्थाहरू

६. **उद्योग व्यवसायीको सिफारिसः** इच्छुक आवेदकहरुले आवेदन फारामको साथ पेश गरेको **अनुसूची ३** बमोजिमको सिफारिस पत्र (उद्योगबाट औद्योगिक सिकाइको लागि अवसर दिइने व्यहोरा सहितको सिफारिस) को अङ्कभार २० पूर्णाङ्कको हुनेछ। उक्त पेश भएको सिफारिस पत्रको रुजू/मूल्याकन गरी व्यक्तिगत अङ्क प्रदान गरिनेछ।यसरी अङ्क प्रदान गर्दा सिफारिस भएमा २० अङ्क र नभएमा शुन्य (०) अङ्क प्रदान गरिनेछ।

७. **लिखित प्रवेश परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षणः** प्रवेश परीक्षालाई व्यवस्थित, मर्यादित तथा नियमानुसार सञ्चालन गर्ने, अनुगमन गर्ने, व्यवस्थापन तथा नतिजा प्रकाशन गर्ने गराउने सम्बन्धी परीक्षा विनियमावली २०७१ बमोजिम हुनेछ।

(क) प्रवेश परीक्षाको प्रश्नपत्र प.नि.का. ले गोपनीयतापूर्वक तयार पारी सम्बन्धित परीक्षा केन्द्रमा उपलब्ध गराउनेछ। प्रश्नपत्र निर्माण गर्दा नेपाल सरकारको एस.ई.ई./प्रवेशिका परीक्षा (माध्यमिक शिक्षा कक्षा १०) को पाठ्यक्रमको आधारमा अनिवार्य गणितबाट १० वटा, अनिवार्य विज्ञानबाट १० वटा र अनिवार्य अंग्रेजीबाट १० वटा गरी जम्मा ३० वटा वस्तुगत बहु-उत्तर प्रणालीको प्रश्न हुनेछ।

(ख) प्रत्येक प्रश्नको अङ्कभार समान रही जम्मा ३० पूर्णाङ्कको हुनेछ।

(ग) परीक्षाको समय जम्मा ४५ मिनेट हुनेछ।

(घ) प्रशिक्षार्थीको उत्तर पुस्तिका परीक्षण निर्देशिकाको दफा ५ (१) अनुसार गठित छनौट उपसमितिले गर्ने गराउनेछ।

८. **अन्तर्वार्ता** : लिखित प्रवेश परीक्षामा सहभागी भएका परीक्षार्थीहरू मात्र अन्तर्वार्ताको लागि योग्य हुनेछन। अन्तर्वार्ता जम्मा ३० पूर्णाङ्कको हुनेछ। अन्तर्वार्ता निर्देशिकाको दफा ६(१) अनुसार गठित अन्तर्वार्ता टोलीले सञ्चालन गर्नेछ।

९. **औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**

(क) निःशुल्क अध्ययनको अवसर।

(ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन **रू. १००।** का दरले उपलब्ध हुने ।

१०. **Online Entry सम्वन्धमा** :

*(क) आवेदन फाराम बुझाउने स्थान तोकिएका शिक्षण संस्था/कार्यालयहरुले आवेदकहरुबाट रितपूर्वक भरीएको आवेदन फारामहरु अन्तिम म्याद भित्र संकलन गरी ITMS मा प्रविष्ट गराउनु पर्नेछ । आवेदन फाराम बुझाउने शिक्षण संस्था/कार्यालयमा Online Entry तथा आवेदन फाराम व्यवस्थापन गर्ने कर्मचारीलाई आवेदकको सम्पुर्ण विवरण Entry गराएको खण्डमा मात्र प्रति आवेदन रु. ५०। का दरले पारिश्रमिक प्रदान गरिनेछ ।*

*(ख) शिक्षण संस्था/कार्यालयहरुले आवेदन फाराम रुजु गरी स्वीकृत भएपछि मिति २०८०।०६।०३ गते भित्रमा ITMS मा Online Entry गरी सक्नुपर्नेछ । आवेदकहरु सबैको Online Entry गरिसकेपछि आवेदन फारामहरु शिलवन्दी गरी सुरक्षित राख्नुपर्नेछ ।*

*(ग) परिषद् अन्तर्गतका अन्य कार्यक्रममा रजिष्ट्रेशन कायम भई अध्ययनरत बिद्यार्थीहरुले यस औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रममा आवेदन फाराम भर्न पाउने छैनन् ।*

**नोटः** विद्यार्थी छनौट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनोट प्रकृया मर्यादित एव निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्को प्रदेश कार्यालयहरूः इटहरी, जनकपुर, हेटौडा, पोखरा, बुटवल, वीरेन्द्रनगर, धनगढी र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राखुहुन अनुरोध छ ।

**यो सूचना https://www.ctevtexam.org.np वा https://www.enssure.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**